# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिहुँकोट, बागलुङ

पत्र संख्या: ०८२/८३ गण्डकी प्रदेश, नेपाल ।
चलानी नं.:

सूचना नं. १६

मिति:२०८२/०७/१८

**वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको मिति २०८२/०७/०३ गते प्रकाशित सूचना अनुसार वैदेशिक रोजगार सन्तती छात्रावृत्ति सन्चालन कार्यविधि २०८० बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यू तथा अङ्गभङ्ग वा विरामी भई वैदेशिक रोजगार बोर्डको सचिवालयवाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका सन्ततीहरु (पूर्व प्राथमिक कक्षा नर्सरी वा सो सरह देखी १२ कक्षा) सम्म अध्ययनरत विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराउने छात्रवृत्तीका लागि तपशिल अनुसारको कागजात सहित आफु अध्ययनरत शैक्षिक संस्थाबाट अनुसूची- १ बमोजिमको ढाँचामा फारम भरि २०८२ कार्तिक मसान्त भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :-

(क) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र छात्राहरुले पेश गर्नु पर्ने कागजात

- अनुसुची- १ वमोजिमको ढाँचामा निवेदन
- कामदारको राहदानीको प्रतिलिपि
- अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस
- आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)

(ख) आ.व २०८२/८३ मा पहिलो पटक छात्रवृत्ती प्राप्त गर्ने छात्र छात्रावृत्ती प्राप्त गर्ने छात्र छात्राहरुले पेश गर्नु पर्ने कागजात

- अनुसूचि- १ बमोजिमको ढाँचामा निवेदन
- कामदारको राहदानीको प्रतिलिपि
- अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस
- जन्मदर्ताको प्रतिलिपि
- अभिभावकको नागरिकताको प्रतिलिपि
- कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि
- आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)

२. मिति २०८२ असोज मसान्तसम्म आर्थिक सहायता प्राप्त गरेका कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८२ को छात्रबृत्ति उपलब्ध गराइनेछ।

३. वार्षिक रुपमा आधारभुत तहमा अध्ययनरतका लागि रु १२००० (बाह हजार) र माध्यमिक तहका लागि रु १६००० (स्रोह हजार) प्रदान गरिने छ र विद्यालयले संकलित निवेदन अनुसुची-२ बमोजिमको ढाँचामा तयार गरी २०८२ मंसिर ७ गतेभित्र काठेखोला गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

ito.kathekholamun@gmail.com/ kathekholagahunpalika123@gmail.com/ kathekholagahunpalika@gmail.com
info@kathekholamun.gov.np kathekholamun.gov.np

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलन्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

..................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव